जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १९३ पृष्ठः ४ | २०८२ मंसिर ०५ शुक्रबार (Friday 21 Nov. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## मधेसमा मुख्यमन्त्री निवासले समस्याः सोनलले ढिलाइ गर्दा यादवलाई सकस





जनकपुरधाम, ४ मंसिर। मधेस प्रदेशमा मुख्यमन्त्री निवासको विषयले राजनीतिक तरंग पैदा गरेको छ। नवनियुक्त मुख्यमन्त्री सरोज कुमार यादवले निवास खाली गरिदिन आग्रह गर्दा पूर्वमुख्यमन्त्री जितेन्द्र प्रसाद सोनलले तत्काल प्रतिक्रिया नदिएपछि दलका नेताहरूलाई पहलका लागि गुहारेका छन्। मुख्यमन्त्री यादवले लोसपाका संसदीय दलका नेता जयनुल राइन र प्रमुख सचेतक रमिता प्रधानसँग निवास व्यवस्थाका लागि आग्रह गरेका हुन्। सोनललाई फोन गर्दा कुनै प्रतिक्रिया नआएपछि उनले पार्टी नेतृत्वसँगै कुरा अगाडि बढाएका हुन्।

यादवले भने, 'अदालतले दीर्घकालीन असर पर्ने काम नगर्न भनेको हो, तर दैनिक काम त गर्नैपर्छ। म भाडाको घरमा बस्दै आएको छु, विभिन्न डेलिगेसन आउँछन्, समस्या भएको छ। सेना–प्रहरीले पनि निवासमा जान अनुरोध गरेको छ। तपाईंहरूको दलको सचेतक भएकाले निवास खाली गराउन आग्रह गरेको हुँ।' यस विषयमा प्रमुख सचेतक रमिता प्रधानले भनिन्, 'सोनलजी स्वयं बुधबार नै निवास खाली गर्न तयार थिए। तर सात दलको दबाब आएपछि उहाँ रोकिनुभएको हो।'

मुख्यमन्त्री यादवले यसबारे लोसपा संसदीय दलका नेता जयनुल राइनलाई समेत फोनमार्फत जानकारी गराएको बताए। मुख्यमन्त्री यादवले भने, 'दलका नेताहरूलाई जानकारी गराउँदै छु, नगरेको भए पनि तपाईंहरूसँग विवाद गर्ने पक्षमा म छैन।' यता निर्वतमान मुख्यमन्त्री सोनलले वर्तमान मुख्यमन्त्रीको निवास प्रवेस सहजता बनाइरहेको बताएका छन्। उनले भनेका छन्, 'निवास खाली गर्ने प्रक्रियामा छु, उहाँलाई सहज बनाउन काम भइरहेको छ र छिट्टै उहाँ निवासमा प्रवेस गर्नुहुनेछ।'

## ब्राउनसुगरसहित तीनजना पक्राउ

सिरहा, ४ मंसिर। सिरहा प्रहरीले जिल्लाको कर्जन्हा र नवराजपुरबाट कडा खालको प्रतिबन्धित लागुऔषध ब्राउनसुगरजस्तो खैरो पदार्थसहित तीनजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार बिहीबार बिहान इलाका प्रहरी कार्यालय बन्दीपुरबाट खटिएको प्रहरी टोलीले यात्रुवाहक बस चेकजाँचको क्रममा कर्जन्हा नगरपालिका–३, बन्दीपुरबाट एकजनालाई पक्राउ गरेको हो।

गोप्य सूचनाको आधारमा बा.प्र ०३–००१ ख २६५४ नम्बरको काँकडभिट्टादेखि काठमाडौं रुटमा चल्ने महादेव नामको यात्रुवाहक बसमा सवार सिरहाको लहान नगरपालिका– १, मटियर्वा बस्ने करिब २२ वर्षीय अमित यादवलाई पक्राउ गरिएको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। उनका अनुसार यादवले बोकेको झोला खानतलासी गर्दा झोलाभित्र लुकाएको ब्राउनसुगरजस्तो देखिने पदार्थ प्लास्टिकबाहेक १५.६० ग्राम बरामद भएपछि तत्काल नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय मिर्चैयाको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको छ।

त्यसअघि गत २९ कात्तिकको साँझ जिल्लाको दक्षिणी सीमावर्ती नवराजपुर गाउँपालिका–४, नवराजपुरबाट भारत हुँदै नेपालतर्फ आउँदै गरेका दुईजनालाई ब्राउनसुगरजस्तो देखिने खैरो

**–बाँकी तीन पेजमा**

## लहानको लिटिल स्टार विद्यायलः सफलता र प्रेरणाको प्रतीक

सिरहा, ४ मंसिर। संस्थापक तथा प्रिन्सिपल जय प्रकाश चौधरी (जेपी सर) को नेतृत्वमा स्थापित लहानको लिटिल स्टार विद्यायलले जिल्लाको शैक्षिक क्षेत्रमा नयाँ इतिहास रच्दै आएको छ। यस विद्यालयले विद्यार्थीहरुलाई उत्कृष्ट शिक्षा, संस्कार र आत्मबल सिकाउँदै उनीहरुलाई नेपालको उज्जवल भविष्यको आधारशिला बनाउने उद्देश्यले काम गरिरहेको छ।

यस विद्यालयबाट अध्ययन गरेका चारजना प्रतिभाशाली विद्यार्थीहरुले हालै एम.वि.वि.एस. छात्रावृत्तिमा नाम निकाल्न सफल भएका छन्। प्रिन्सिपल चौधरीका अनुसार, छात्रवृत्ति प्राप्त गर्नेमा अभिशेक यादव, विवेक यादव,



रञ्जित राम र निरन्जन यादव रहेका छन्। राम, जो दलित समुदायबाट आएका छन्, उनी पनि खुल्ला अन्तरगत नाम निकाल्न सफल भएका हुन्। रामलाई सप्तरीको सुरुङ्गा नगरपालिका द्वारा समेत सम्मानित गरिसकेको जनाइएको छ।

पछिल्लो समयमा लहान र आसपासका क्षेत्रहरूमा शैक्षिक संस्थानहरू उत्कृष्टता हासिल गर्दै

**–बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## वातावरण स्वच्छ राखौं ।

- धुवाँ तथा धुलो उडाउने कार्य नगरौं,
- फोहर तथा प्लास्टिकजन्य पदार्थ नजलाऔं,
- जथाभावी फोहोर नफालौं,
- कुहिने र नकुहिने फोहर छुट्याएर व्यवस्थापन गरौं,
- घर, टोल तथा सडक सफा राखौं,
- घर वरपर बोटविरुवा लगाऔं,
- सवारी साधनबाट निस्किने धुवाँ नियन्त्रण गरौं,
- वातावरण प्रदूषण नियन्त्रणका लागि सामूहिक प्रयास गरौं।

**सफा वातावरण, स्वस्थ जीवन ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## अराजकता अन्त्य गर्न राजनीतिक इच्छाशक्ति आवश्यक

बाराको सिमरामा बुधवार र बिहीवार भएका घटना हेर्दा शान्तिपूर्ण निर्वाचन सहज पनि देखिँदैन। नेकपा (एमाले) र जेन–जीका नाममा विरोध प्रदर्शनमा उत्रेका युवाको समूहबीच झडप भएपछि स्थानीय प्रशासनले बुधवार सिमरा क्षेत्रमा कर्फ्यु लगाएको थियो। बिहीवार पनि स्थिति तनावपूर्ण भएपछि पुनः त्यस क्षेत्रमा कर्फ्यु लगाइए पनि प्रहरी र जेन–जी प्रदर्शनकारीबीच झडप भएको छ। एमालेका नेताहरू बाराको एउटा कार्यक्रममा भाग लिन सिमरा विमानस्थल हुँदै काठमाडौंबाट आउने सूचनापछि स्थानीय केही युवाले विरोध प्रदर्शन आयोजना गरेको र प्रदर्शनका लागि भेला भएकाहरूमाथि एमाले समर्थकहरूले हातपात गरेको आरोप आफूलाई जेन–जी युवाका प्रतिनिधि हौँ भन्नेहरूले लगाएका छन्। अर्कातिर एमालेका स्थानीय नेताहरूले विमानस्थलमा नेताको स्वागतका लागि जाने क्रममा झडप भएको दाबी गरेका थिए।

जेन–जी युवाका नाममा गएको भिडले विमानस्थलको मूल ढोकामा तोडफोड पनि गरेको बताइएको छ। त्यसपछि विमानस्थल बन्द गरिँदा काठमाडौंबाट आउने भनिएका एमाले नेताहरू सभामा भाग लिन आउन पाएनन्। तैपनि, एमालेका स्थानीय नेता कार्यकर्ताले सभा गरे।  जेन–जी समूहका तर्फबाट कुटपिट गर्ने एमाले कार्यकर्तामाथि कारबाहीको माग गरिएको छ। कुटपिटमा किटानी जाहेरी परेकामध्ये केहीलाई प्रहरीले पक्राउ गरिसकेको भए पनिसडकमा प्रदर्शन रोकिएको छैन। यसअघि स्थानीय प्रशासनसँग प्रशासनले कानुनी कारबाही अगाडि बढाउने र जेन–जी समर्थकहरूले थप प्रदर्शन नगर्ने सहमति भएको थियो। तर, बुधवारको सहमति बिहीवारै उल्लंघन भएको छ।

यस प्रकारको अराजक र अन्योलपूर्ण अवस्थामा निर्वाचन हुन्छ भनेर जति विश्वस्त बनाउन खोजे पनि कोही  आश्वस्त हुनसक्तैन। त्यसमाथि अराजकता मच्चाउनेहरूमा अहिलेको सरकार निकट मानिएकाहरू नै देखिएकाले स्थिति थप अन्योलपूर्ण बनेको छ। बेलैमा अराजकता नियन्त्रण नभए देशका प्रमुख दलहरू चुनावमा सहभागी हुन पक्कै तयार हुँदैनन्। यसबीच प्रधानमन्त्री सुशीला कार्कीले 'प्रतिनिधि सभा पुनःस्थापना भए राजनीतिक दुर्घटना हुने' चेतावनी दिएकी छन्।  हुन पनि आउने फागुन २१ गते मतदान हुनेगरी निर्वाचन आयोगले प्रतिनिधि सभाको निर्वाचन गर्ने कार्यतालिका सार्वजनिक पनि गरिसकेको छ। तर,  घोषित मितिमा चुनाव हुन सकेन भने  विघटित प्रतिनिधि सभा पुनःस्थापना गर्नुभन्दा अर्को लोकतान्त्रिक विकल्प देखिँदैन। जेन–जीका नाममा गत भदौ २३ र २४ गते भएको आन्दोलनपछि राजीनामा दिएर सत्ताबाट बाहिरिएका तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद ओली अध्यक्ष रहेको नेकपा (एमाले)ले प्रतिनिधि सभा पुनःस्थापनाका पक्षमा अडान लिएको छ। त्यतिबेलाको सत्ता साझेदार नेपाली कांग्रेसले प्रतिनिधि सभा पुनःस्थापनाको सम्भावनालाई अस्वीकार गरेको छैन। विघटित प्रतिनिधि सभामा यी दुई दल सबैभन्दा ठूला थिए। समानुपातिक मत सङ्ख्याका आधारमा पनि यिनीहरू नै देशका दुई ठूला र निर्णायक दल हुन्। सामान्यतः संसदीय राजनीतिमा अर्को निर्वाचन नहुँदासम्म पुरानै जनादेशलाई जनसमर्थनको मानक मानिन्छ। यसैले एमाले र कांग्रेसविना अहिले निर्वाचनको कल्पना गर्नु पनि मनासिब हुँदैन।

यसैले जेन–जी वा अरू कुनै नाममा हुने अराजकता तत्काल अन्त्य गर्न सरकार गम्भीर हुनुपर्ने देखिन्छ। सरकार निकट रहेको दाबी गर्नेहरूको पुराना 'दलहरूलाई चुनावमा भाग लिन नदिने'जस्ता धम्कीले पनि निर्वाचनको वातावरण बिगार्छ। यसैले सरकारले शान्ति तथा सुव्यवस्था कायम राख्ने प्रथम कर्तव्यमा ध्यान देओस्। चुनाव गराउने नै मनसाय हो भने  सरकारले अराजकता अन्त्य गरेर चुनावी वातावरण बनाउन दृढ इच्छाशक्ति देखाउन हिचकिचाउनु हुँदैन।


## माईग्रेसन हराएको सूचना

यही मिति २०८२।०७।०१ गतेका दिन जे.एस. मुरारका क्याम्पसदेखि लहान चौक सम्म  जाने क्रममा राजिका सिंह नाम गरेको +२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निवदेकलाई उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

**नाम : राजिका सिंह**
**ठेगाना : लहान–८, सिरहा**
**एल.ई.बी. रजिष्ट्रशन नं.: ७९२१६०४३००७३**
**मोबाईल नं. : ९८०७७९०९११**


# सजग मतदाता, दूरदर्शी नेतृत्व

**ध्रुवहरि अधिकारी**

जनसंख्याको हिसाबले भारतको तेस्रो ठूलो राज्य विहार सबैभन्दा निर्धन मानिन्छ। यहाँका युवावयका बासिन्दा रोजगारी खोज्दै अन्यत्र भौंतारिनु परेको वास्तविकतालाई सबैले स्वीकार गर्छन्। अंग्रेजको 'राज' कै बखत सन् १८८५ मा स्थापित र सन् १९४७ पछि सशक्त राजनीतिक शक्ति र लामो समय सत्तामा रहेको इन्डियन नेसनल कांग्रेस अहिले अस्तित्वकै सङ्कटको सँघारमा पुगेको छ।

नरेन्द्र मोदीलाई विहारको परिणामले उत्साह अभिवृद्धि गरेकोमा सन्देह छैन, परन्तु उनले सामना गर्नुपर्ने चुनौतीहरूको चाङ पनि अग्लो हुँदै गएको छ। नेपालसँग सिमाना जोडिएको एक प्रमुख भारतीय राज्य विहारमा आज नयाँ सरकारले बहाली गर्दैछ। मंगलबारसम्मको स्थितिले देखाए अनुसार, मुख्यमन्त्री पदमा जनता दल (युनाइटेड) का नेता नितिश कुमारले पुनः शपथग्रहण गर्दैछन्। राजधानी पटनाको गान्धी मैदानमा हुन लागेको विशेष समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदी पनि उपस्थित रहने जानकारी प्रेसमा आइसकेको छ। मोदी हालै भएको विहारको विधानसभा निर्वाचन परिणामबाट निकै उत्साहित भएका छन्। किनभने यसबाट केन्द्रमा बहाल उनको सरकारको लोकप्रियता घनीभूत हुँदैछ।

नितिश कुमार सन् २००५ मा पहिलो पटक विहारको मुख्यमन्त्री चुनिएका थिए। त्यस बेलादेखि अहिलेसम्ममा उनी बाहिर–भित्र गर्दै नौ चोटि त्यही पदमा शपथ लिने नेता भइसकेका छन्। आजको शपथ १०औं पटकको हुनेछ। उनको पार्टी भारतीय जनता पार्टी ( भाजपा) को नेतृत्व भएको गठबन्धन 'नेसनल डेमोक्रेटिक एलाएन्स' (एन.डी.ए.)को प्रमुख घटक हो। एनडीएको नेतृत्व चाहिँ नरेन्द्र मोदीबाट हुँदै आएको छ। २८ कात्तिक (१४ नोभेम्बर) का दिन विहार निर्वाचनको परिणाम सार्वजनिक हुनासाथ दिल्लीबाट मोदीको यस्तो प्रतिक्रिया आयोः–यो विजय विहारमा सुशासन, विकास, जनकल्याण र सामाजिक न्यायको प्रतिफल हो। विहारले देखाएको बाटोबाट अब बंगालमा पनि परिवर्तन आउने छ।' सन् २०२६ मा बंगालको साथसाथै तामिलनाडु र केरलामा पनि राज्यस्तरीय चुनाव हुने कार्यतालिका छ। डेढ वर्षजति अघि भएको राष्ट्रियस्तरको निर्वाचनमा खस्किएको बहुमतको सन्दर्भमा विहारको ताजा चुनाव मोदीको लागि लोकप्रियताको परीक्षा जस्तो थियो। यसमा उत्तीर्ण भएकोले आगामी समयको उनको यात्रा कठिन नहुने अनुमान गरिँदै छ।

सन् २०२५ को विहारको निर्वाचन दुई चरणमा (६ र ११ नोभेम्बर) भएको थियो। १३ करोडको जन–आवादी भएको विहारमा सात करोड ४० लाख मतदाता थिए। झण्डै ६७ प्रतिशत मतदान भएछ जसमा महिलाको संख्या उल्लेख्य रहेको जानकारी उसै बखत भारतीय सञ्चारमाध्यमले दिएका थिए। निर्वाचनको अन्तिम नतिजा आउँदा एनडीए गठबन्धनले अपेक्षा गरेभन्दा निकै बढी सिटमा आफ्ना उम्मेदवार विजयी भएको पायो। २४३ स्थान भएको विधानसभामा १२२ संख्याले नै बहुमत पुग्थ्यो तर मोदी–नेतृत्वको गठबन्धनले २०२ सिट जित्न सफल भयो। यसमा भाजपाले ८९ सिट ल्यायो भने नितिशको जेडीयूले ८५। अन्य सहयोगी पार्टीका २९ स्थान थपिए।

**कमजोर प्रतिपक्ष**

प्रतिस्पर्धामा रहेको 'इन्डिया' महागठबन्धनको भने हरिविजोग भयो। कांग्रेस नेतृत्वको 'महागठबन्धन' को पराजय निराश पार्ने तहमा ओर्लियो। तिनले जितेका जम्माजम्मी सिट ३५, त्यसमा २५ सिट लालु यादवले सन् १९९७ मा खोलेको राष्ट्रिय जनता दलका उम्मेदवारको भागमा पऱ्यो। कांग्रेसले जम्मा ६ सिट मात्र जित्यो। कम्युनिस्टहरूको सीपीआई–एम् एल् र सीपीआई भनिने पार्टीले क्रमशः दुई र एक स्थान जित्न सफल भए। अर्थात् यादव समुदाय, अन्य जातिगत समुदाय र कम्युनिस्टहरू यसपल्ट नराम्ररी पछारिए। मुस्लिमको आड लिनेहरूको पनि बेहाल भयो। प्रशान्त किशोरले खोलेको 'जनसुराज पार्टी' बाट एकजनाले पनि चुनाव जितेन।

जनसंख्याको हिसाबले भारतको तेस्रो ठूलो राज्य विहार सबैभन्दा निर्धन मानिन्छ। यहाँका युवावयका बासिन्दा रोजगारी खोज्दै अन्यत्र भौंतारिनु परेको वास्तविकतालाई सबैले स्वीकार गर्छन्। जातिपातिका आधारमा राजनीति गर्नेहरूले विहारलाई विगतमा कुशासनको गढ बनाएको हुनाले त्यस राज्यले 'जङ्गल राज' को कलङ्क पनि बोक्नु, बेहोर्नु परेको थियो। सन् २००५ मा नितिश कुमार मुख्यमन्त्री भएयता समग्रमा विहारको विकास हुँदै आएको मानिन्छ। खास गरेर सडक, पुल, बिजुली जस्ता पूर्वाधारमा सरकारी लगानी बढेअनुरूप सकारात्मक वातावरण निर्माण भएको छ। केन्द्र सरकारको सहयोग पनि उल्लेखनीय स्तरको छ, मोदी आफैं विहारको चुनावी–प्रचारमा सक्रिय भएर लागेको तथ्य पनि उनका समर्थकहरू बरोबर औंल्याउँछन्।

निर्वाचनको दुई महिनाजति अघि मोदीले महिला कल्याण र रोजगारीको लागि केन्द्रबाट करिब ७५ लाख महिलाहरूलाई दश–दश हजार रुपिञाको दरले नगद अनुदान उपलब्ध गराएका थिए। विश्लेषकहरू त्यही अनुदानले एनडीएको पक्षमा अत्यधिक मत तान्ने गरी असर पारेको बताउँछन्। महागठबन्धनका नेता राहुल गान्धीले भने विहारको निर्वाचन नतिजाबाट आफू 'आश्चर्यचकित' भएको प्रतिक्रिया दिएका छन्। राहुल र उनका समर्थकहरूले निर्वाचन आयोगले प्रारम्भदेखि नै स्वच्छ मतदानको व्यवस्था नगरेको र 'भोट चोरी' भएको लगायतको सिकायत गरेका छन्। प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारबाट यी आरोपको खण्डन भएको छ।

यसै पृष्ठभूमिमा मोदीले सामाजिक सञ्जाल 'एक्स' मा प्रकाशित गरेको ट्विटमार्फत् विपक्षमा रहिआएको कांग्रेसलाई सदैव 'नकारात्मक राजनीति' गरेको आरोप लगाएका छन्। "आज कांग्रेस मुस्लिम लीगी–माओवादी कांग्रेस यानी एम्एम्सी बन गई है" भन्ने मोदीको टिप्पणी छ। जे होस्, नेपालसँग सिमाना जोडिएको अर्को प्रमुख राज्य उत्तर प्रदेशमा भाजपाकै सरकार भएको आधारमा मोदीको प्रभाव हिन्दीभाषी इलाकामा विस्तार हुँदै गएको चर्चा पर्यवेक्षकहरू गर्दछन्। त्यसैगरी, भाजपाको उत्थान हिन्दुत्वको जगमा भएकाले हिन्दुस्थानका बहुसंख्यक जनता मोदीको नेतृत्वबाट लाभान्वित भएको अनुमान गरिँदै छ।

अंग्रेजको 'राज' कै बखत सन् १८८५ मा स्थापित र सन् १९४७ पछि सशक्त राजनीतिक शक्ति र लामो समय सत्तामा रहेको इन्डियन नेसनल कांग्रेस अहिले अस्तित्वकै सङ्कटको सँघारमा पुगेको छ। यसलाई साबिकको हैसियतमा फर्काउन कांग्रेसले नेता फेर्नुपर्ने टिप्पणीकारहरूको कथन छ। नेतृत्व सधैंजसो एउटा खास परिवारको परिधिमा राखेर कांग्रेस उँभो लाग्दैन भन्ने मानिस भारतभित्रै प्रशस्त भेटिन्छन्।

**चुनौतीको चाङ**

माथि नै लेखियो, करिब डेढ वर्षअघि राष्ट्रियस्तरको संसदीय चुनाव हुँदा भाजपा नेतृत्वको गठबन्धन एनडीएको पकड केही कमजोर भएको थियो, मोदीले विहारका नितिश कुमार र आन्ध्र प्रदेशका चन्द्रबाबु नायडुका क्षेत्रीय दलहरूको सहयोगमा केन्द्रीय सरकार गठन गर्नुपरेको थियो। अब यो स्थितिमा टड्कारो सुधार आएको छ यद्यपि विहारको निर्वाचन परिणामले दिल्लीको केन्द्रीय बन्दोबस्तमा प्रत्यक्ष प्रभाव भने पार्न सक्दैन। हो, आन्तरिक रूपमा बलियो भएको महसूस गरेसँगै मोदी सरकारले दीर्घकालीन महत्वका योजना, परियोजनाहरू ढुक्कसँग कार्यान्वयनमा लैजान सक्ने भएको छ। त्यसैगरी, अन्तर्राष्ट्रिय सम्बन्ध र कार्यसूचीहरूमा भारतका प्राथमिकता र पहललाई सबल ढङ्कले अगाडि बढाउन आवश्यक दृढता प्राप्त हुने देखिन्छ।

अमेरिका, चीन र रुस जस्ता शक्तिराष्ट्रकै हाराहारीमा रहेर आर्थिक र सामरिक नीतिहरू तय गर्न भारतलाई सहज हुनेछ। अमेरिकामा ट्रम्पको आगमनपछि सम्बन्धमा आएको चिसोपनलाई हटाउन मोदी सरकारले साहसिक निर्णयहरू गर्नसक्ने अवस्था आएको छ। यस्तै, चीनसँगको सम्बन्धलाई सहज बनाउँदै लैजाने सिलसिला आरम्भ भइसकेको छ। सीमा वारपारको तनाउ कम गर्नुको साथै विगत पाँच वर्षदेखि रोकिएको हवाई सेवा केही साताअघि सञ्चालनमा आएको विषयले यस दिशाका प्रयासलाई इङ्गित गर्दछ। रुससितको सम्बन्ध त विगतदेखि नै न्यानो रहिआएको छ। भारत विश्वको पाँचौं ठूलो अर्थव्यवस्था भएको मुलुक भइसकेको यथार्थ घामजत्तिकै छर्लंग भइसकेको छ।

नरेन्द्र मोदीलाई विहारको परिणामले उत्साह अभिवृद्धि गरेकोमा सन्देह छैन, परन्तु उनले सामना गर्नुपर्ने चुनौतीहरूको चाङ पनि अग्लो हुँदै गएको छ। जस्तो, नजिकका छिमेकी देशहरू अस्थिर र तनाउग्रस्त भएका छन्, त्यसो हुनु चिन्ताको विषय हुने भयो। आखिर एक छिमेकीकहाँ आगो लाग्दा अर्को कसरी सुरक्षित रहन सक्छ र ? एकातिर पाकिस्तानसँग दशकौंदेखिको वैरभाव कायम छ भने अर्कोतिर श्रीलंका र बंगलादेश पनि दिल्लीबाट टाढिन पुगेका छन्।

निकटको सम्बन्ध भएको अर्को देश नेपालसँग सीमा र जलस्रोतसम्बन्धी कतिपय मामिला अड्किएर बसेका छन्। आन्तरिक राजनीतिक अन्योल र अस्तव्यस्तताको बेग्लै आयाम छ। भर्खरै (सोमवार) बंगलादेशको एक न्यायिक निकायले अपदस्थ प्रधानमन्त्री शेख हसिनालाई प्राणदण्ड सुनाएपछि ढाकासँगको दिल्लीको सम्बन्ध झन् जटिल भएको छ। पोहोर साल जन–आन्दोलनको क्रममा सत्ताच्युत भएकी शेख हसिना हाल भारतमा निर्वासनमा छिन्। यता, बंगलादेशले भारतलाई हसिनालाई प्रत्यर्पण गरिदिन आग्रह गरिसकेको छ। हसिना भने यो ममाथिको राजनीतिक प्रतिशोध मात्र हो भन्छिन्। यसबारे भारतको विदेश मन्त्रालयको प्रारम्भिक प्रतिक्रिया हेर्दा मामिला सजिलरी सुल्झिने सम्भावना देखिँदैन। किनभने शेख हसिनाको बारे ढाकामा सुनाइएको निर्णयलाई भारत सरकारले 'जानकारीमा लिएको छ' सम्म भनेको छ। सरोकारवालासँग सकारात्मक ढङ्गले प्रस्तुत हुने आश्वासन कुन तरिकाले कार्यरूपमा जाला, अहिले नै यसै भन्न सकिँदैन।

**अन्त्यमा–**

'छिमेक पहिला' भन्ने दिल्लीको नीति रहेको चर्चा केही वर्ष अघिदेखिकै हो तर व्यवहारमा उच्च राजनीतिक तहबाट यो नीति कार्यान्वयन भएको देखिँदैन। कूटनीतिक पहल नगरीकन समस्याको हल खालि प्रशासनिक वा गुप्तचरजस्ता संयन्त्रबाट निस्कने अपेक्षा प्रभावकारी नभएको प्रष्टै

**–बाँकी तीन पेजमा**

# गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**गोलबजार, सिरहा**
**मधेश प्रदेश, नेपाल**

## सडक मर्मत सम्भार कामदार/समूह आवश्यकता सम्बन्धी सार्वजनिक सूचना !

**सूचना प्रकाशन मिति २०८२/०८/०४**

मधेश प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास निर्देशनालय, पूर्वाधार विकास कार्यालय, प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) ले Tetariya-Golbazar MRP-Arnama Ga.Pa.-Larkanha-Khajanpur-Kamalpur Border सडक ( सडकको कोडः PRNMP cod PH-MH-074) को नियमित मर्मत सम्भार कार्यको लागि सडक मर्मत सम्भार समूह (RMG) गठन गर्ने उद्देश्य राखेको छ। सडक मर्मत सम्भार समूह गठन गर्न निम्न संख्यामा मर्मत सम्भार कामदारहरु आवश्यक भएको छ।

| सडकको सुरुको स्थान | सडकको अन्तिम स्थान | लम्बाई | कामदारको संख्या | कैफियत |
|---|---|---|---|---|
| Tetariya-Golbazar | Khajanpur-Kamalpur | - | ३ (तीन) | |

सडक मर्मत समूहका सदस्यहरुले आधारभूत सफाई र सरसफाई कार्यहरु साथै सानातिना मर्मत कार्यहरु गर्दै सडकलाई राम्रो अवस्थामा राख मिलेर कार्य गर्नुपर्नेछ। कार्य पूर्णकालीन (Full-tim) हुनेछ र एक वर्षको अवधिको लागि हुनेछ। यदि सडक राम्रो अवस्थामा छ भने सडक मर्मत सम्भार समूह (RMB) लाई सम्पूर्ण सडकको लागि निश्चित मासिक रकम भुक्तानी गरिनेछ। यदि सडकको केही भागहरु राम्रो अवस्थामा छैनन् भने मासिक भुक्तानीमा कटौती लागू गरिनेछ।

मधेश प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास निर्देशनालय, पूर्वाधार विकास कार्यालय मार्फत् कार्यान्वयन हुन लागेको प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) अन्तर्गत यस Tetariya-Golbazar MRP-Arnama Ga.Pa-Larkanaha-Khajanpur-Kamalpur Border सडक (सडकको कोडः PRNMP code PH-MH-074) को नियमित मर्मत सम्भार कार्यको लागि यस आ.व. २०८२।०८३ को लागि ३ (तीन) जना सडक मर्मत सम्भार कामदार (लेन्थवर्कर) छनौटको लागि यस गोलबजार नगरपालिकालाई लेखी आएको हुनाले तल उल्लेखित योग्यता पुगेको स्थानीय गर्वबाट दरखास्त आव्हान गरिन्छ। इच्छुक व्यक्तिहरुले यस गोलबजार नगरपालिकाको कार्यपालिकाको कार्यालयमा नागरिकताको सक्कल प्रति लिई आफै उपस्थिति भइ आफ्नो दरखास्त विवरण दर्ता गराउनु हुन अनुरोध गरिन्छ। समयावधि सकिएपछि आएको दरखास्त दर्ता हुने छैन।

**दरखास्त दर्ता हुनको लागि आवश्यक मापदण्डः**

**१. प्राविधिक मापदण्ड**
- मर्मत सम्भार कामदारको उमेर कम्तिमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको हुनुपर्नेछ।
- मर्मत सम्भार कामदार शारीरिक र मानसिक रूपमा स्वस्थ्य हुनुपर्नेछ र सडक मर्मत सम्भार कार्य गर्न सक्ने हुनुपर्नेछ।
- मर्मत सम्भार कामदार मर्मत सम्भार हुने सडक नजिकको बासिन्दा हुनुपर्नेछ।

**२. सामाजिक मापदण्ड**
- मर्मत सम्भार कामदार बेरोजगार हुनुपर्नेछ अथवा आफ्नो समयको २५ प्रतिशत भन्दा घटी रोजगारीमा संलग्न भएको हुनुपर्नेछ।
- मर्मत सम्भार कामदार नगरपालिका/गाउँपालिकाको सबैभन्दा गरिब व्यक्तिहरूबाट हुनुपर्नेछ।
- महिला उम्मेदवारलाई प्राथमिकता दिइनेछ र महिला सहभागितालाई प्रवर्धन गरिनेछ। छनौट गरिएका मर्मत सम्भार कामदारहरू कम्तिमा ५०% महिला हुनुपर्नेछ। सम्भव भएसम्म सबै छनोट गरिएका मर्मत सम्भार कामदारहरू महिला हुनुपर्नेछ।
- मर्मत सम्भार कामदार कम्तिमा ४० प्रतिशत दलित, जनजाति, विपन्न वा पिछडिएका वर्गबाट हुनुपर्नेछ।

**आवश्यक कागजातहरूः**
- नेपाली नागरिकताको प्रतिलिपि – १ प्रति,
- दुई प्रति फोटो,
- दलित, जनजाति, विपन्न वा पिछडिएका वर्गको वडाबाट प्रमाणितको प्रतिलिपि।

**दरखास्त दिने अन्तिम मिति, समय र स्थानः**
**आवेदनको अन्तिम मितिः** २०८२/०८/१० (सूचना प्रकाशन मितिबाट ७ दिनको म्याद)
**समयः** कार्यालय समय भित्र
**सम्पर्क तथा आवेदन फारम पाउने स्थानः** गोलबजार नगरपालिका रोजगार सेवा केन्द्र

**– प्रमुख प्रशासकीय अधिकृत**

# सिमरामा आन्दोलन बिथोल्ने एमालेका नेता तथा कार्यकता खोजिरहेका छौं : प्रहरी



बारा, ४ मंसिर। जेनजीहरूको शान्तिपूर्ण विरोध कार्यक्रममा आक्रमण गर्ने एमालेका नेता कार्यकर्तालाई प्रहरीले खोजी सुरु गरेको छ। बुधबार भएको घटनापछि विहीबार एमालेका दुई वडाध्यक्षलाई प्रहरीले प्रकाउ गरेको छ भने बाँकीको खोजी भइरहेको जनाइएको छ। जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता विजय पण्डितले एमाले वडाध्यक्ष धनबहादुर श्रेष्ठ (२), कैयमुदिन अन्सारी (६) प्रकाउ परेपनि बाँकीको खोजी भइरहेको बताएका छन्। 'जाहेरी परेका बाँकी ६ जनालाई पनि हामीले खोजी गरिरहेका छौं,' प्रवक्ता पण्डितले भने।

जेनजी युवाहरूले एमाले नेता हिरा बस्नेत, त्रिलोक ठकुरी, ईश्वर थपलिया, गोविन्द लामा, धनबहादुर श्रेष्ठ, कैयमुदिन अन्सारीलगायत विरुद्ध बुधवार जिल्ला प्रहरी कार्यालय कलैयामा जाहेरी दिएका थिए। जसमध्ये प्रहरीले श्रेष्ठ र अन्सारीलाई नियन्त्रणमा लिएर थप अनुसन्धान सुरु गरेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

# अनलाइन ठगीबाट जोगिन प्रहरीको ७ बुँदे अनुरोध

काठमाडौं, ४ मंसिर। प्रहरीले अनलाइनबाट हुने ठगीबाट जोगिन सात बुँदे अनुरोध जारी गरेको छ। जिल्ला प्रहरी परिसर काठमाण्डौले सूचना निकालेर अनुरोध गरेको हो। प्रलोभनमा परेर रकम ठगीमा पर्ने गरेका घटना दैनिकजसो आइरहेकाले सचेतनाका लागि सूचना जारी गरेको परिसरका प्रवक्ता पवनकुमार भट्टराईले जानकारी दिनुभयो। प्रहरीका अनुसार फेसबुक, इमो, ह्वाटस्एप, भाइबर, इन्स्ट्राग्रामलगायत माध्यामबाट 'तपाईंलाई चिट्ठा परेको छ र त्यो रकम प्राप्त गर्न केही रकम ( राजस्व) तिर्नुपर्छ' भनी रकम पठाउन लगाउने घटना बढेका छन्।

यस्तै सामान खरिद गरी भुक्तानी गर्दा आधिकारिक बिक्रेता यकिन गर्न प्रहरीको अनुरोध छ। अपरिचित व्यक्तिको खाता वा नम्बरबाट भिडियोकल गरी रेकर्ड गरेर भिडियोलाई अश्लील बनाएर 'ब्ल्याकमेल' गर्ने र पैसा माग्ने जोखिम बढेकाले, त्यसतर्फ पनि सावधान हुन पनि प्रहरीले आग्रह गरेको छ।

कसैले अनुरोध गर्दैमा कुनै लिंक नखोल्न, 'ओटीपी कोड' अरूलाई नदिन, आफ्नो मोबाइलको 'स्क्रिन' कसैलाई नदिन, सामाजिक सञ्जालमा आफ्ना महत्त्वपूर्ण जानकारी नराख्न, आफ्नो 'पासवर्ड' लगायत निजी विवरण साथीभाइ वा नजिकैका आफन्तलाई पनि नदिन प्रहरीले अनुरोध गरेको छ।

### *सजग मतदाता,...*

छ। त्यसो हुनाले दिल्लीले छिमेकका देशहरूसँगको द्विपक्षीय सम्बन्धका विविध पक्षलाई नयाँ परिवेशमा विस्तृत रूपमा समीक्षा गर्नु उपयुक्त देखिन्छ।

एसियाली देशभित्रका समस्या एसियाबाटै सुल्झाउनु पर्छ भन्ने चीनका राष्ट्रपति सी चिनफिङको मान्यता रहेछ। सम्भवतः भारतको सोचाइ पनि यस्तै छ। हुन पनि हो, भारत र चीनले आपसी सहमतिद्वारा उपयुक्त कार्यनीति अपनाउन सकेमा यस क्षेत्रमा शान्ति र स्थिरता कायम गर्न धेरै समय लाग्दैन। जति छिटो इमान्दार प्रयत्न थाल्यो उति चाँडै समाधान निकट पुग्न सकिएला। गोपबाट

### *लहानको लिटिल...*

गएका छन्। यस विद्यालयबाट उत्पादित विद्यार्थीहरूले नेपाल राष्ट्र बैंकको डिपुटी म्यानेजरदेखि अमेरिका पुगेका पीएचडी छात्रसम्मको सफलता हासिल गरेका छन्। यसले देखाउँछ कि, "इच्छा शक्ति भए सफल हुन कसैले रोक्न सक्दैन" भन्ने कथनलाई यस विद्यालयको विद्यार्थी जीवनले पुष्टि गरेको छ।

प्रिन्सिपल चौधरीले बताए अनुसार, विद्यालयले १६ प्रतिशतसम्म गरिब र जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्दै आएको छ। हाल यहाँ करिब १६०० विद्यार्थी अध्ययनरत छन् र ११३ जना स्टाफ कार्यरत छन्। गत वर्षको एसइई परीक्षाको सतप्रतिशत परिणामले विद्यालयको नामलाई अझ उच्च स्थानमा पुऱ्याएको छ, जसले विद्यालयको उत्कृष्टतालाई प्रमाणित गरेको छ।

यस विद्यालयमा प्लस टु सम्मको अध्ययन सञ्चालन भइरहेको छ, जसमा विज्ञान र व्यवस्थापन गरी दुईवटा संकायको अध्ययन प्रदान गरिन्छ। विद्यालयको लक्ष्य, विद्यार्थीहरूलाई व्यावहारिक र सैद्धान्तिक दुवै क्षेत्रमा समान रूपले सक्षम बनाउने हो। प्रिन्सिपल चौधरीले भन्नुभयो,"शिक्षा एक यस्तो शक्ति हो जसले सपना देख्न सिकाउँछ र ती सपना पुरा गर्न आत्मबल दिन्छ। हाम्रो विद्यालयको मुख्य उद्देश्य हो, हरेक विद्यार्थीलाई अवसरको समान पहुँच दिलाउँदै, उनीहरूलाई उज्जवल भविष्यको लागि तयार पार्नु।"

### *ब्राउनसुगरसहित...*

पदार्थसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार स.१० प ७८६ नम्बरको मोटरसाइकलमा आउँदै गरेका सप्तरीको सुरुंगा नगरपालिका– ७, चकदह गाउँका करिब २१ वर्षीय विक्रान्त चौधरी र पछाडि बसेका लहान– १ मटियर्वाका करिब २६ वर्षीय शीतल चौधरीलाई पक्राउ गरी महेशपुरतार प्रहरीमा राखेर थप अनुसन्धान भइरहेको छ।

# मिथिलाञ्चलमा विवाह पञ्चमी महोत्सव सुरु



काठमाडौं, ४ मंसिर। मिथिलाञ्चलमा विवाह पञ्चमी महोत्सव सुरु भएको छ। बिहीबार (मंसिर ४) देखि महोत्सव सुरु भएको हो। जनकपुरधाम क्षेत्रमा बिहीबार बिहानैदेखि श्रद्धालु भक्तजनहरूको चहलपहल देखिएको थियो। सप्ताहव्यापी विवाह पञ्चमी महोत्सवअन्तर्गत पहिलो दिन नगर दर्शन विधि सम्पन्न भएको छ। नगरदर्शनलाई लिएर जानकी मन्दिरमा पूजा अराधनाका लागि श्रद्धालु भक्तजनहरू पुगेका थिए।

भगवान राम र लक्ष्मण पहिलोपटक प्राचीन मिथिलाको राजधानी जनकपुरधामको भ्रमण गरेको स्मरणमा प्रत्येक वर्ष विवाह पञ्चमी महोत्सवअन्तर्गत पहिलो दिन नगरदर्शन विधि गर्ने गरिन्छ। नगरदर्शन विधिमा राम लक्ष्मणको प्रतिकको रूपमा रहेको दुई बालकलाई नगरदर्शन गराइएको थियो। सोही अवसरमा मिथिलाको राजधानीमा मंगलगान समेत गाइएको थियो।

नगर दर्शन विधिका लागि जनकपुरधामस्थित जानकी मन्दिरकै प्राङ्गणमा कृत्रिम बजार बनाइएको थियो। सो बजारमा मुरही, कचरी, चिया, पान, मखान, खेलौना, मिठाई, मिथिला चित्रकला, कपडा, सिन्दुर, टिकली आदिका पसलहरू कृत्रिम रूपमा निर्माण गरिएका थिए। राम–लक्ष्मणको प्रतीकको रूपमा रहेका दुई किशोर बालकलाई रातो कार्पेट ओछ्याएर कृत्रिम बजार घुमाइएको थियो।

## श्री जनता आधारभूत विद्यालय लालपुर, टोङ्के

**गोलबजार न.पा.-२, सिरहा**

**मधेश प्रदेश, नेपाल**

**स्था. २०३७** **विद्यालय कोडः १६०६४०००३**

**करारमा कर्मचारी पदपूर्तिको लागि दरखास्त आव्हान सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति २०८२/०८/०४**

प्रस्तुत विषयमा यस श्री जनता आधारभूत विद्यालय लालपुर, टोङ्के गोलबजार न.पा.-२, सिरहाको वि.व्य.स.को मिति २०८२।०६।२७ गते बसेको बैठकको निर्णयानुसार रिक्त रहेको विद्यालय सहयोगी (का.स.) पदमा करार नियुक्तिको लागि गोलबजार नगरपालिकाको प.सं. २०८२।०८३ च.नं. ५६ मिति २०८२।०६।०९ गतेको सिफारिस पत्र र श्री शिक्षा विकास तथा समन्वय इकाइ, सिरहाको प.नं. २०८२।०८३ च.नं. ३१२ मिति २०८२।०६।२६ गतेको प्राप्त नियुक्ति अनुमति पत्रानुसार उक्त पदको लागि मिति २०८२।०८।०४ गते देखि लागू हुने गरी ७ दिनत्रि विद्यालयमा आवेदन दिन हुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१. विज्ञापन नं. १।२०८२।०८३
२. पदः कार्यालय सहयोगी
३. पद संख्या : १ (एक)
४. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
५. शैक्षिक योग्यता : कक्षा ५ उत्तीर्ण गरेको
६. दरखास्त मिति : २०८२।०८।०४ देखि २०८२।०८।१० गते सम्म
७. परीक्षा दस्तुर : रु. ५००।- रा.बा.बैंक खाता नं. २१३०१०००००४५०००१
८. परीक्षाको किसिमः अन्तरवार्ता
९. नागरिकता, शैक्षिक योग्यता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
१०. पासपोर्ट साइज फोटो २ प्रति
११. सम्पर्क नं. ९८०५९४६३६८, ९८०५९१५११६

**प्रधानाध्यापक**


# दाइजो नदिँदा घर निकाला : न्यायको खोजीमा सुमन



**विनय कर्ण**

सप्तरी, ४ मंसिर। सप्तरीको विष्णुपुर गाउँपालिका ५ मझाउ टोल की २२ वर्षीया सुमन कुमारी मण्डलको २०७८ साल फागुन २९ गते तिलाठी कोइलाडी गाउँपालिका ७ सडेपारका राधेश्यामसँग विवाह भयो। नयाँ सपना बोकेर नयाँ जिवनको सुरुवात गर्ने उहाँको त्यो सपना साकार हुन सकेन। किनभने विवाह भएको चारदिनमै उहाँ घर निकालामा पर्नुभयो। मागे जति दाइजो नल्याएको निहुँमा उहाँलाई निर्घात कुटपीट गर्दै घर निकाला गरियो। ससुराली पक्षबाट पीडित उहाँ अहिले न्यायका लागि भौतारी रहनुभएको छ।

सोही क्रममा राजविराजमा सञ्चारकर्मीसँग कुरा गर्दै सुमनले श्रीमान राधेश्याम, ससुरा शत्रुघन, सासु सोभा र नन्द अनिताले मागे जतीको दाइजो नल्याएको भन्दै निर्घात कुटपीट गर्दै घर निकाला समेत गरिदिएको गुनासो पोख्नुभयो। विवाह दर्ताका पटक-पटक आग्रह गर्दा पनि नमानेको र उल्टै श्रीमान, सासु, ससुरा र नन्दसहित सिंगो परिवारबाट यातना भोग्नु परेको उहाँले सुनाउनुभयो।

श्रीमानलाई अर्को विहे गर्ने बाटो खुला होस भन्ने मनसायले पनि आफुसँग यस्तो व्यवहार भएको उहाँले दुखेसो पोख्नुभयो। ससुराली पक्षले घरमा राख्न अस्विकार गरेपछि सुमन लामो समयदेखि माइती घरमा बस्दै आउनुभएको छ। दुवै पक्षका अभिभावकको सहमतीमा भएको विवाहमा दुईलाख ५० हजार रुपैयाँ नगद, आधी तोला सुनको गरगहना, लत्ताकपडा, भाँडाकुडा र फर्निचर लगायतका सामग्री दिएको सुमनका बुवा कृष्णदेवले बताउनुभयो।

उहाँले थप दाइजोको रुपमा गाउँमा आफ्नो नाममा रहेको पाँच कट्ठा जग्गा माग्दै दबाब दिन थालिएको र असमर्थता व्यक्त गरेपछि छोरीलाई शारिरीक र मानसिक यातना दिइएको आरोप लगाउनुभयो। छोरीलाई यातना दिनेमाथि कारवाहीको माग गर्दै न्यायका लागि प्रहरी हुँदै अदालतसम्म पुगेको बुवा कृष्णदेवले जानकारी दिनुभयो। यससबारे उहाँका श्रीमान राधेश्यामसँग जानकारी लिन खोज्दा सम्पर्क हुन सकेन।

# मधेश प्रदेशका मुख्यमन्त्री यादवको गतिविधि रोक्का गर्न युवा संगठनहरुको माग

जनकपुर, ४ मंसिर। मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवको गतिविधि रोक्का गर्न माग गर्दै जनकपुरधामका विभिन्न युवा संगठनमा आवद्ध युवाहरुले माग गरेका छन्।सर्वोच्च अदालतले नीतिगत तथा दिर्घकालिन प्रभाव पार्ने निर्णय गर्न रोक लगाएको मधेश प्रदेशका मुख्यमन्त्री यादवको गतिविधि रोक्का राख्न माग गर्दै सात दल निकट युवा संगठनहरुले बिहीबार मेधश प्रदेशका प्रदेश प्रमुख डां सुरेन्द्र लाभ कर्ण समक्ष माग गरेको छ।

युवाहरुले प्रदेश प्रमुख डा. लाभलाई ज्ञापन पत्र बुझाउदै सर्वोच्च अदालतको आदेशले मुख्यमन्त्री नियुक्ति प्रक्रियामा संसदीय लोकतन्त्रको मूल्य, मान्यता र पारदर्शितामाथि गम्भीर प्रश्न उठेको प्रथम दृष्टिमै पुष्टि भएको उल्लेख गर्दै मुख्यमन्त्री यादवलाई कुनै पनि काम काज गर्न नदिन आग्रह गरेका छन्। युवा तथा विद्यार्थी संगठनहरूले विवादित मुख्यमन्त्री तथा मन्त्रीपरिषद्ले कुनै पनि प्रकारको सरकारी निर्णय, नीति निर्माण वा सेवा-सुविधा ग्रहण गर्न नपाउने माग समेत गरेका छन्।



युवा संगठनहरूले देश जेन-जी आन्दोलनपछि गम्भीर आर्थिक संकटमा रहेको समय विवादित नेतृत्वबाट हुने अतिरिक्त खर्च तथा निर्णयले प्रदेश प्रशासनमा थप अव्यवस्था सिर्जना हुने भन्दै चिन्ता व्यक्त गरेका छन्। यस्तै, असंवैधानिक मानिएको मुख्यमन्त्रीले कर्मचारी सरुवा, पदस्थापन, कार्यालय प्रमुख तोक्ने, योजनाका चिठीपत्र वितरण गर्ने जस्ता कार्यहरू मौखिक दबाबमार्फत अघि बढाइरहेको भन्ने जानकारी आएको भन्दै सो कार्य तत्काल रोकिनुपर्ने उनीहरूको माग छ। संयुक्त संगठनहरूले सर्वोच्च अदालतको अन्तिम फैसला नआएसम्म कुनै पनि नीतिगत तथा प्रशासनिक कार्यान्वयन नगर्न तथा नगराउन सम्बद्ध निकायहरूलाई निर्देशन दिन आग्रह गरेका छन्।


**स्क्रब टाइफस (Scrub Typhus)**

स्कब टाइफस एक किसिमको सरुवा रोग हो। यो रोग लाग्ने किर्ना जस्तो देखिने किरा (माइट) को टोकाइबाट मानिसमा सर्दछ। यो रोग माइटमा पाइने ओरेन्सिया सुसुगामुसी (Orentia Tutsugamushi) भन्ने जिवाणुबाट लाग्दछ। माइट प्राय : जसो झाडी, खेतवारी, वनजंगल, घर वरिपरिको झाडी वा घुरान हुने ठाँउमा देखिने गर्दछ।



**स्कब टाइफस कसरी सर्छ ?**

मुसामा लाग्ने किर्ना जस्तो देखिने किरा (माइट)को टोकाइबाट मानिसमा सर्दछ। यो रोग मानिसबाट मानिसमा सर्दैन।

**स्कब टाइफसका लक्षणहरु**

- धेरै जवरो आउनु (काम ज्वरो समेत आउन सक्छ)
- धेरै टाउको दुख्नु
- पसिना धेरै आउनु
- आँखा रातो हुनु
- झाडापखाला लाग्नु
- किराले (माईट) टोकेको ठाउँमा रातो डाबर जस्तो दाग देखिनु र पछि गएर कालो दाग बस्नु



**स्कब टाइफसबाट बच्ने उपायहरु के-के हुन् ?**

- खेतवारीमा काम गर्दा वनजंगल /झाडीमा जाँदा वा घाँस काट्न जाँदा पुरा शरीर ढाकिने कपडा लगाउने साथै सम्भव भुइं सम्म बुट लगाउने
- घाँसवारी वा चउरमा बस्दा गुन्द्री वा दरी ओछ्याएर बस्ने
- सम्भव भएसम्म भुईंमा नबस्ने। खाटमा वा अग्लो स्थानमा सुत्ने/बस्ने
- सकेसम्म घाँसवारी र चउरमा नबस्ने
- चउरमा,वारी ,झाडी,घाँस तथा धुरान बढ्न नदिने
- मुसा नियन्त्रणको लागि उपयुक्त किसिमले अन्न भण्डार गर्ने तथा मुसाको बृद्धि विकास नहुने वातावरणको सृजना गर्ने।

**स्क्रब टाइफस लागेको शंका लागेमा उपचारको लागि तुरुन्त नजिकको स्वास्थ्य संस्थामा लैजानु पर्छ। औषधी सेवनपछि यो रोग निको हुन्छ।**

**बरियारपट्टी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बरियारपट्टी, सिरहा**
**मधेश प्रदेश, नेपाल**




**विष्णुपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**विष्णुपुर, सिरहा**
**मधेश प्रदेश, नेपाल**




**नरहा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नरहा, सिरहा**
**मधेश प्रदेश, नेपाल**


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)